Nepali | नेपाली



# प्राथमिक विद्यालय सुरु गर्न तयार हुनुहुन्छ?

अब तपाईंको बच्चा 5 वर्ष पुग्न लागेको छ भने उनीहरूलाई प्राथमिक विद्यालयमा भर्ना गर्ने बारेमा सोच्ने समय आएको छ।

प्राथमिक विद्यालयको पहिलो वर्षलाई फाउन्डेशन (Prep) कक्षा भनिन्छ। बच्चाहरू विद्यालय सुरु गर्ने वर्षको अप्रिल 30 सम्ममा 5 वर्षको उमेर पुगेमा फाउन्डेसन सुरु गर्न सक्छन्।

6 वर्ष उमेरका बच्चाहरूको लागि विद्यालय जानु अनिवार्य छ।

## भिक्टोरियाको सरकारी प्राथमिक विद्यालयमा कसरी भर्ना गर्ने

### तपाईंले आवेदन गर्नु अघि

- तपाईंको बच्चाले आफ्नो उमेरको आधारमा कुन वर्ष विद्यालय सुरु गर्न सक्छ भनेर निर्धारण गर्नुहोस्।
- **findmyschool.vic.gov.au** मा गएर विद्यालयहरू र तपाईंको विद्यालय क्षेत्र फेला पार्नुहोस्।
- विद्यालयहरूको भ्रमण (ऐच्छिक) बुक गर्न सत्र 1 बाट प्राथमिक विद्यालयहरूलाई सम्पर्क गर्नुहोस्।

### कसरी आवेदन दिने

- फाउन्डेसन (PREP) आवेदनहरू सत्र 2 को सुरुदेखि खुल्ला हुनेछ।
- जुलाईको अन्तिम शुक्रबारसम्म आफ्नो आवेदन फारम बुझाउनुहोस्।
- विद्यालयले तपाईंलाई अगस्टको पहिलो 2 हप्तामा भर्नाको नतिजा सहित सम्पर्क गर्नेछ।

थप जान्न
**vic.gov.au/enrolling-foundation-prep** मा जानुहोस्

The Education State

VICTORIA State Government | Department of Education